नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ राजविराज दैनिक स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष २९ अंक २२९ २०७७ साल असार २० गते शनिबार (4 July 2020 Saturday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : रोकिएन असारे ... ३ पृष्ठमा : जारी छ रोपाइँ ... ३ पृष्ठमा : कोरोना भाइरसबाट विश्वमा पाँच लाख २४ ...

# सप्तरीमा पहिलो पटक ल्याप्रोसकोपीमार्फत हर्नियाको शल्यक्रिया

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

सप्तरीमा पहिलो पटक स्कोला ल्याप्रोसकोपी ( दुरबिन) मार्फत हर्नियाको शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको छ ।

राजविराजस्थित छिन्नमस्ता अस्पतालमा शुक्रबार ५२ वर्षिया एक महिलाको सो शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको हो ।

जनरल सर्जन डा. राजिव मिश्रा, एनेसथेसियोलोजिष्ट डा. पारसमणि साह, सहायक विपिन देव सम्मिलित टोलीले सो शल्यक्रिया गरेका हुन् ।

झण्डै दुई घण्टाको समयअवधीमा पेटमा तीन वटा सानो प्वाल गरि ल्याप्रोसकोपी माध्यमबाट शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको डा. राजिव मिश्राले बताए ।



राजविराज वडा नं. १५ देउरीभरुवा निवासी ५२ वर्षिया उमा कुमारी यादव विगत तीन/चार वर्षदेखी हनिर्याले पीडित थिइन् । उनले स्थानिय चिकित्सकहरुको सल्लाह अनुसार नै स्थानिय छिन्नमस्ता अस्पतालमा उपचार गराउने निधो गरेपछि शुक्रबार शल्यक्रिया गराएको उनको भाई महेश यादवले बताए ।

हाल उनको स्वास्थ्य अवस्था सामान्य रहेपनि उनी अहिले चिकित्सकको निगरानीमा केही दिन अस्पतालमै रहने अस्पताल व्यवस्थापनले जनाएको छ ।

यसअघि पनि डा. मिश्रसम्मिलितको टोलीले जिल्लामा विभिन्न जटिल शल्यक्रिया सफलतापूवर्क सम्पन्न गरिसकेको छ ।

## अस्पताललाई स्वास्थ्य सामाग्री प्रदान

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

कोरोनाको संक्रमणबाट स्वास्थ्यकर्मीहरुलाई बच्नका लागि सेभ द सप्तरीले शुक्रबार स्वास्थ्य सामग्री प्रदान गरेको छ ।

सेभ द चिल्ड्रेन तथा सेभ द सप्तरीको साँझेदारीमा राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताललाई सेनिटाइजर, स्पेयर, पिपिई, ग्लब्स, मास्स, हाइजिङगकिट लगायतका बिभिन्न स्वास्थ्य समाग्रीहरु प्रदान गरिएको

***बाँकी तीन पृष्ठमा***

# वडाध्यक्षमा कोरोना संक्रमणको पुष्टि

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ७ का अध्यक्षलाई कोरोना संक्रमणको पुष्टि भएको छ ।

जिल्ला स्वास्थ्य कार्याल सप्तरीका प्रमुख दुनियालाल यादवका अनुसार ५८ वर्षिय वडा अध्यक्षलाई कोरोना संक्रमणको पुष्टि भएको हो ।

उनी स्थानिय क्वारेन्टाइन व्यवस्थापनमा सक्रिय रहँदै आएका थिए । उनीसँगै गाउँपालिकाका अन्य वडाध्यक्ष, क्वारेन्टाइनमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा कार्यालय सहयोगीसहित अन्य कर्मचारीको स्वाब संकलन गरी पिसिआर परीक्षण गर्ने तयारीसमेत गरिएको प्रमुख यादवले बताए ।

सो वडाको क्वारेन्टाइनमा रहेका मध्ये २७ जनामा कोरोना संक्रमण पुष्टि भइसकेको प्रमुख यादवको भनाई छ ।

# सप्तरीमा २ सय ६९ जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

सप्तरीमा शुक्रबार थप २ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । योसँगै जिल्लामा कोरोना संक्रमितको संख्या २ सय ६९ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

शुक्रबार जिल्लाको अग्निसाइर कृष्णावरण गाउँपालिकास्थित क्वारेन्टाइनमा रहेका २ जनामा कोरोना संक्रमण भेटिएको हो ।

यस्तै जिल्लामा कोरोनाबाट निको हुनेको संख्या १ सय ३९ रहेको छ भने हाल राजविराजस्थित साईकृष्णा आइसोलेशन कक्षमा १ सय २४ जना संक्रमितहरुको उपचार भइरहेको गजेन्द्र नारायण सिंह अस्पतालका मेसु डा. रन्जित झाले जानकारी दिए ।

यता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा शुक्रबार साँझसम्मा संक्रमितको संख्या १५ हजार २ सय ५९ पुगेको तथा निको हुनेको संख्या ६ हजार १ सय ४३ जना रहेको जनाएको छ । यस्तै कोरोनाको संक्रमणबाट ३२ जनाको मृत्यु भएको छ ।

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाना नं.: १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

"सुखी नेपाली सम्वृद्ध नेपालः लैङ्गिक हिंसा मुक्त समाज ।"
"अबको गन्तव्यः लैङ्गिक हिंसा अन्त्य ।"
"तीन तहको सरकारः लैङ्गिक हिंसा अन्त्य सबैको सरोकार ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
City Express Money Transfer
IME International Money Express
IME pay wallet
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

### हेलचक्राई नगरौं, सतर्कता अपनाऔं

अहिले दिनानुदिन कोरोना संक्रमितको संख्या बढीरहेको छ । तर, सतर्कताको नाममा सबैले हेलचक्राई गरिरहेको देखिन्छ । सरकारले लकडाउन खुकुलो पारेको अवस्थामा नेपालमा कोरोनाको संक्रमितको संख्या १५ हजार नाघिसकेको अवस्था छ । अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कन सरकारले बारम्बार आग्रह गरिरहँदा समेत मानिसहरु त्यसलाई हेलचक्राई गरिरहेका छन् । विदेशबाट आएर क्वारेन्टाइनमा बसेका मानिसहरुमा अहिले बढी संक्रमित भएको पाइएको छ । जसमध्ये अधिकांश भारतबाट फर्केकाहरुमा कोरोनाको संक्रमण पाइएको छ ।

यसरी दिनानुदिन संक्रमितको संख्या बढीरहँदा सामान्य सतर्कता समेत नअपनाउनु मानिसहरुले आफ्नो ज्यान आफै जोखिममा पारिरहेका छन् । कम्तिमा घर बाहिर निस्कदा मास्कको प्रयोग र सामाजिक दुरी कायम राख्नु पर्नेमा त्यसको पालना अधिकांश गरेको देखिदैन् । हालसम्म नेपालमा समुदायिक स्तरमा कोरोना फैलेको देखिदैन् । तर, पनि यसबाट बच्न आफै सतर्क हुनु आवश्यक छ । कीन भने यो महामारी संक्रमित व्यक्तिले बोलेपछि मुखबाट निस्केको छिटा अर्को व्यक्तिको मुखमा पर्न गयो भने ऊ पनि संक्रमित हुन पुग्छ । त्यसैको लागि मास्क प्रयोग गर्नुपर्ने हुन्छ । संक्रमित व्यक्तिको हातमा समेत कोरोना भाइरसको किटानु रहनाले हात नमिलाउनु नै बेस हुन्छ । यसका लागि १०/१० मिनेटमा साबुन पानीले हात धुनु आवश्यक छ ।

यो रोगको हालसम्म औषधी बनिनसकेकोले यसबाट बच्न एउटा उत्तम विकल्प आफै सतर्क हुनु हो । तसर्थ यसका लागि सबै व्यक्तिहरुले सावधानी अपनाउनु आवश्यक छ । यसका लागि भिडभाडमा नजाऔं, कसैसँग हात नमिलाऔं, मास्कको प्रयोग गरौं, सकेसम्म अत्यावश्क काम बाहेक घर बाहिर नजानु नै उत्तम उपाय हो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# रोकिएन असारे विकास

काठमाडौँ, १९ असार (रासस) ।

पूर्वाधार विकासका काम आर्थिक वर्षको अन्तिम महिनानामा हुने क्रम रोकिएको छैन । तीनै तहका सरकारको बजेट पारित अघिल्लो वर्षको असारमै हुने कानूनी व्यवस्था गरिएको छ । विनियोजित बजेट तह लगाउने उद्देश्यले अन्तिम समयमा काम हुँदा गुणस्तरमा सम्झौता हुने गरेको छ ।

यसले गर्दा विकास निर्माणमा छुट्याइएको बजेट बालुवामा पानी हाले सरह भएको छ । कागेश्वरी मनोहरा नगरपालिकाको केन्द्र थलीबाट मूलपानीको प्लटिङमा निस्कने भित्री सडककमा असारको तेस्रो साता बल्ल काम थालिएको छ । असारे झरीका बीच सडकमा काम हुँदा गुणस्तरमा सम्झौता भएको स्थानीयवासीको गुनासो छ ।

भित्री कच्ची सडकमा मुसलधारे वर्षाका बीच काम हुँदा बाटो हिलोले हिँड्न नसकिने, पैदल यात्री एवं सवारी वाहक चिप्लिएर लडेर घाइते हुने लगायत समस्या रहेको स्थानीयवासी श्रीराम सापकोटाले बताउनुभयो । निर्माण स्थलमा सूचना पाटी समेत नदेखिँदा कति सडकमा के काम गर्न लागिएको भन्ने थाहा नभएको उहाँले सुनाउनुभयो । सडक निर्माणका क्रममा सिमेन्टको मात्रा समेत कम प्रयोग भएको स्थानीयवासीको भनाई छ ।

स्थानीयवासीले गुणस्तरीयता कायम हुनुपऱ्यो भनी राखेको माग पनि निर्माण व्यवसायीले सुनेका छैनन् । नगर प्रमुख कृष्णहरि थापा वाग्मती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको पूर्वाधार विकास कार्यालयको ठेक्कामा काम भइरहेको बताउनुहुन्छ । असारे झरीमा ग्राभेल नहाल्न नगरपालिकाले समेत अनुरोध गरेको उहाँले बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालबाट दरभाउ नआई बोलपत्र नहुने, असोजसम्ममा मात्र दरभाउ आउने, त्यसपछि टेण्डर गर्दा काम गर्ने समय असारमै पुग्ने गरेको नगरपालिकाले जनाएको छ । यसमा सुधारका लागि प्रशासन कार्यालय र महालेखा परीक्षकको कार्यालयलाई समेत अनुरोध गरिएको नगर प्रमुख थापाले जानकारी दिनुभयो ।

पूर्वाधार विकास कार्यालय अन्तर्गत ठेक्का भई प्लम्ब वाल लगाउने काम सम्पन्न भइसकेको इञ्जिनीयर सुजन थापाले बताउनुभयो । त्यही सडकको मूलपानी प्लटिङतिरको भागमा नगरपालिकाले काम गरिरहेको छ । नगरपालिकाको काममा भने विभिन्न किसिमका समस्या आएको सुनिएको उहाँले जानकारी दिनुभयो । त्यो सडकका विषयमा स्थानीयवासीले बिरोध समेत गरिरहेका छन् । कार्यालयले गरेको भागमा भने सूचना पाटी राखिएको उहाँको भनाइ छ । त्यस क्षेत्रमा रु एक करोडको लागतमा ५८८ घनमिटरको वाल निर्माण भएको जनाइएको छ ।

नगरपालिकाको वडा नं.-५ को एउटै सडकमा एकातिर पूर्वाधार विकास कार्यालय र अर्कोतिर नगरपालिकाले काम गरिरहेको छ । नगर प्रमुख थापा पनि त्यस क्षेत्रमा नगरपालिकाको योजना समेत सञ्चालनमा रहेको स्वीकार्नुहुन्छ । वर्षामा ग्राभेल भने नहाल्ने उहाँको भनाई छ ।

# भन्सार छलेका विभिन्न सामानहरु बरामद

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

प्रहरीको गस्ति टोलीले भारतबाट नेपाल र नेपालबाट भारततर्फ अबैध रुपमा भन्सार छलि ल्याउदै र लैजादै गरेको सप्तरीको विभिन्न स्थानहरुबाट समानहरु नियन्त्रणमा लिएको छ ।

प्रहरीले जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका ५ बर्साईनमा दिलवाले नामक मदिरा १० कार्टुन नियन्त्रणमा लिएको जनाएको छ ।

यस्तै जिल्लाको बोदेबर्साइन नगरपालिका ८ बैरियाहीबाट प्रहरीको गस्ती टोलीले १६ लिटर मोविल नियन्त्रणमा लिएको जनाएको छ ।

त्यसैगरि वडा प्रहरी कार्यलय राजविराज सप्तरीबाट खटिएको प्रहरी गस्ती टोलीले वडा नं. १६ बोरियाबाट मोटरसाइकलमा ल्याउँदै गरेको ३३ हजार मुल्य बराबरको रेडिमेड कपडा बरामद गरेको छ । जिल्लाको छिन्नमस्ता गाउँपालिका २ वस्ने ३७ वर्षिय बिष्णु साहले को.१५प. ८३० नम्बरको मोटरसाईकलमा ल्याउदै गरेको उक्त मुल्य बराबरको रेडिमेट कपडा र मोटरसाईकलसहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

त्यस्तै प्रहरीले जिल्लाको बलान बिहुल गाउँपालिका वडा नं. ५ स्थित नेपालबाट भारततर्फ लैजादै गरेको १० किलो सुपारी नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# फरार प्रतिवादी र अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

सप्तरी प्रहरीले कुटपिट तथा अंगभंग मुद्दामा फरार रहेको तथा अभद्र व्यवहारमा फरार रहेका प्रतिवादी र अभियुक्तलाई पक्राउ गरेको छ ।

जिल्लाको अग्निसाइर कृष्णसावरण गाउँपालिका १ जण्डोल निवासी ५० वर्षिय पर्शुराम चौधरीलाई प्रहरीले पक्राउ गरेको हो ।

२०७७ जेठ २६ गतेबाट फरार रहेका उनलाई बिहीबार रुपनीस्थित खाडो खोला नजिकबाट विषेश सुराकीको आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

यस्तै २०७७ जेठ ३० गते अभद्र ब्यावहार मुद्दाको वारदात पश्चात् फरार रहेको जिल्लाको डाक्नेश्वरी नगरपालिका १ बस्ने २२ वर्षिय प्रदिप कुमार यादव र ५० वर्षिय रामबृष यादवलाई पक्राउ गरेको छ ।

विषेश सुराकीको आधारमा ईलाका प्रहरी कार्यालय पातो सप्तरीबाट खटिएको प्रहरीको टोलिले मिति उनीहरु दुबैलाई बिहीबार निजहरुकै घरबाट पक्राउ गरिएको जनाइएको छ ।

पक्राउ परेका तीनै जनामाथी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# करेन्ट लागेर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

सप्तरीको हनुमाननगर कंकालनी नगरपालिकामा बिहीबार करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ ।

सो नगरपालिका वडा नं. ७ बनिया टोल निवासी ४५ वर्षिया राजदेवी गुप्ताको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*



# जारी छ रोपाइँ

काठमाडौँ, १९ असार (रासस)।
गत वर्षको तुलनामा यस वर्ष समयमा नै मनसुन सक्रिय हुँदा ३८ प्रतिशत क्षेत्रफमा रोपाइँ सम्पन्न भएको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयले यही असार १५ गतेसम्म ती क्षेत्रफलमा रोपाइँ सकिएको जनाएको छ। कूल १३ लाख ७१ हजार ७०६ हेक्टर क्षेत्रफलमध्ये चार लाख छ हजार ६६२ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको मन्त्रालयका प्रवक्ता हरिबहादुर केसीले बताउनुभयो। उहाँका अनुसार गत वर्षको तुलनामा यस वर्ष समयमा नै मनसुन सक्रिय हुँदा सबै क्षेत्रमा रोपाइँ जारी रहेको बताउनुभयो।

गत वर्ष असार १५ गतेसम्म देशभर १४ दशमलव ७५ प्रतिशत क्षेत्रमा मात्र रोपाइँ सम्पन्न भएको थियो। मन्त्रालयको तथ्याङ्कअनुसार सो अवधिमा सबैभन्दा धेरै सुदूरपश्चिम प्रदेशमा ४९ दशमलव ५४ प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ। गत वर्षको सोही अवधिमा सुदूरपश्चिम प्रदेशमा २५ दशमलव २२ प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न भएको थियो।

कर्णाली प्रदेशमा ४९ दशमलव १५, प्रदेश नं ५ मा ४५ दशमलव ९९, प्रदेश नं ३ मा ३६ दशमलव २२, गण्डकी प्रदेशमा ३५ दशमलव ६६, प्रदेश नं २ मा २९ दशमलव ०२ र प्रदेश नं १ मा २१ दशमलव ८० प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ।

यसैगरी उच्च पहाडमा ४० दशमलव ७२, मध्यपहाडमा ३७ दशमलव ९५ र तराईको ३४ दशमलव ३४ प्रतिशत गरी ३५ दशमलव ४७ प्रतिशत भूभागमा रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ। गत वर्ष उच्च पहाडमा २९ दशमलव ९६, मध्य पहाडमा २३ दशमलव ०७ र तराईमा ११ दशमलव ०७ गरी १४ दशमलव ७४ प्रतिशत क्षेत्रमा रोपाइँ गरिएको थियो।

# सनराईज बैंकद्वारा खातावालाहरूलाई डब्बल सुरक्षा बिमा प्रदान

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार।**
सनराईज बैंक लिमिटेडले स्वास्थ्य बिमा योजना कार्यक्रम अन्तर्गत डब्बल सुरक्षा स्वास्थ बिमा प्रदान कार्यक्रम सुरू गरेको छ।

सनराईज बैंकले राजबिराज २ स्थित आशिर्वाद हेल्थ केयर सेन्टरका चिकित्सक डा. ब्रजेश कुमार झासँग बिमा सम्झौता गरी आफ्ना हरेक खातावालाहरूलाई उपचार गरे वापत छुट दिने प्रावधान मिलाएको बैंकका शाखा प्रबन्धक विपत चौधरीले जानकारी दिएका छन्।




अस्पतालले सम्झौता गरे अनुसार उपचार गराउन आउने बिरामीलाई २० प्रतिशतसम्म छुट समेत दिने शाखा प्रबन्धक चौधरीको भनाई छ।

सनराईज बैंकले नेपाल भर ३ सय ५० भन्दा बढी सरकारी तथा निजी अस्पतालहरूसँग सहकार्य गरेको छ। बचत खातावालाहरूलाई एक लाख सम्मको स्वास्थय बिमा समेत गराइएको बैंकका ग्राहक प्रतिनिधि अफिसर दिपेश साह बताए।

शाखाले आशिर्वाद हेल्थ केयर सेन्टरसँगै छिन्नमस्ता अस्पताल, युनिक अस्पताल लगायतका सरकारी तथा निजी अस्पतालमा चाडै स्वास्थ बिमा, दुर्घटना बिमा प्रदान गर्ने साहले जानकारी दिए।

*अस्पताललाई स्वास्थ्य...*

सेभ द सप्तरीका सुपरभाइजर मोनिका मिश्रले जानकारी दिइन्।

करिब ४९ हजार ९ सय ४६ रुपैया मुल्य उक्त स्वास्थ्य सामग्री सेभ द सप्तरीका अध्यक्ष धुव्र प्रसाद देवले अस्पतालका मेडिकल सुपरिटेन्ड रंजित कुमार झालाई प्रदान गरे।

स्वास्थ्य समाग्री बितरण कार्यक्रममा सेभ द सप्तरीका फिल्ड अधिकृत बिष्णुकान्त देव, अधिकृत बिद्यया मण्डल, मनिता घिमिरे लगायतका उपस्थित रहेको थियो।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**
पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**
पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने
**वा**
**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**
१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

# कोरोना भाइरसबाट विश्वमा पाँच लाख २४ हजार भन्दा बढीको मृत्यु

१९ असार (रासस/एएफपी)।
कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ५ लाख २४ हजार ४०६ पुगेको छ। साथै यस संक्रमणबाट विश्वभर १ करोड १० लाख १ हजार २३ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) द्धारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ। नेपाली समयानुसार शुक्रबारसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ६१ लाख ६२ हजार ४६३ जना निको भएका छन्। हाल विश्वभरमा कोरोना भाइरस संक्रमित करिब ४३ लाख १४ हजार १५४ व्यक्ति उपचाररत रहेका छन्। संक्रमितहरुमा ५७ हजार ८७३ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ। डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र २८ लाख ३७ हजार १८९ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा १ लाख ३१ हजार ४८५ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ। दक्षिण अमेरिकामा २३ लाख ६३ हजार ७२२ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ ८९ हजार ३८ जनाको मृत्यु भएको छ। उत्तर अमेरिकामा ३३ लाख १५ हजार ४५२ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ १ लाख ७२ हजार ७८४ जनाको मृत्यु भएको छ।

युरोपमा २४ लाख ४१ हजार ६३६ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ९२ हजार ५९६ को मृत्यु भएको छ। एसिया २४ लाख २७ हजार ४६३ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ५८ हजार ९९८ जनाको मृत्यु भएको छ। अफ्रिकामा ४ लाख ३५ हजार ६०२ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १० हजार ६८३ जनाको मृत्यु भएको छ। ओसियानामा ९ हजार ७०८ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२६ जनाको मृत्यु भएको छ।

# भारतमा एकजना डिएसपीसहित आठ प्रहरीको हत्या

१९ असार (रासस/एएनआई)।
भारतको उत्तर प्रदेश राज्यको कानपुरमा लामो समयदेखि अपराधमा संलग्न रहेको भनिएका एकजना अभियुक्तको घर घेरा हाल्न पुगेको प्रहरीमाथि त्यहीँ रहेका हतियारधारीहरुले आक्रमण गर्दा एकजना डिएसपीसहित आठ जना प्रहरीको ज्यान गएको छ।

सो घटना शुक्रबार बिहान सबेरै भएको उत्तर प्रदेश प्रहरीले जानकारी दिएको छ। विकास दुवे नाम गरेका लामो समयदेखि अपराधमा संलग्न रही आएका भनिएका ती व्यक्तिको घरमा उनीसहित अरु पनि केही अपराधी रहेको भन्ने आशंकामा प्रहरीले शुक्रबार बिहान उनको घर घेरा हालेको थियो। तर सोही क्रममा सो घरभित्र रहेको आशंका गरिएका ती व्यक्तिले नै गोली चलाएका थिए। गोली लागेर प्रहरीका एक डिएसपी देवेन्द्र मिश्रसहित आठ जना प्रहरीको घटनास्थलमै ज्यान गएको बताइएको छ। शुक्रबारै बिहान सो क्षेत्रमा उत्तर प्रदेश प्रहरीका प्रमुखसहितको ठूलो संख्याको प्रहरी घटनास्थलमा पुगेको बताइएको छ।

उनीहरुले घटनास्थलमा पुगेर थप अनुसन्धान थालेको बताएका छन्। त्यस घटनाबारे थप अनुसन्धान भइरहेको बताइएको छ। उत्तर प्रदेश राज्यका मुख्यमन्त्री योगी आदित्यनाथले घटनामा ज्यान गुमाउने प्रहरी अधिकारीहरुप्रति श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ। उहाँले उक्त घटनाको गहिरो अनुसन्धान गरेर दोषीमाथि कडा भन्दा कडा कारबाही गर्न उत्तर प्रदेश प्रहरी प्रमुखलाई निर्देशन दिनुभएको समाचारमा जनाइएको छ।

# बिहारमा चट्याङ लागेर २२ जनाको मृत्यु

१९ असार (रासस-एएनआई)।
भारतको बिहारमा बिहीबार राति परेको चट्याङ लागेर २२ जनाको मृत्यु भएको छ। समाचारमा जनाइएअनुसार गएराति अविरल वर्षासँगै परेको चट्याङले लागेर उनीहरुको निधन भएको हो। चट्याङका कारण गएको २४ घन्टायता मात्र कम्तीमा पनि २२ जनाको ज्यान गएको र अरु केही व्यक्ति नराम्ररी घाइते भएका बिहारका विपद् व्यवस्थानसम्बन्धी अधिकरीहरुले जानकारी दिएका छन्।

बिहारको विपद् व्यवस्थापन विभागले शुक्रबार बिहान सो कुराको जानकारी दिएको हो। हिजोदेखि यहाँ चट्याङ पर्न शुरु गरेको र शुक्रबार बिहानसम्म यो संख्या २२ पुगेको बिहारको विपद व्यवस्थापन विभागले जानकारी दिएको हो।

भारतीय सञ्चार मध्यमहरुका अनुसार बिहार राज्यका विभिन्न जिल्लामा गत हप्तामात्र पनि चट्याङका कारण करिब १०० जनाको ज्यान गएको थियो। प्राप्त पछिल्लो समाचारअनुसार बिहीबार साँझदेखि शुक्रबार बिहानसम्म नै भारी वर्षा भइरहेको छ र यसै क्रममा चट्याङ परेको थियो। सबैभन्दा धेरै बिहारको पूर्वी पट्ना क्षेत्रका जिल्लाहरुमा नागरिकको मृत्यु भएको छ। बिहीबार बिहारलगायत भारतका उत्तरी राज्यहरुमा भीषण वर्षा र हावाहुरी चल्ने सूचना यहाँको मौसम विभागले जारी गरेको थियो।

मौसम खराब रहेकोले बाहिर ननिस्कन र सम्भावित चट्याङबाट बच्ने उपायहरु अपनाउन पनि राज्यका सबै सर्वसाधारण नागरिकहरुमा सूचना जारी गरिएको बताइएको थियो। यसैगरी बिहारका मुख्यमन्त्री नितिश कुमारले चट्याङ लागेर ज्यान गएका व्यक्तिका परिवारका सदस्यलाई प्रति परिवार चार लाख भारतीय रुपैयाँका दरले क्षतिपूर्ति दिने घोषणा गर्नुभएको छ।

# व्यक्तिगत सतर्कता अपनाउनु नै उत्तम विकल्प : अध्यक्ष सिंह



**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका अध्यक्ष सतिशकुमार सिंहले कोरोना भाइरसको संक्रमणबाट जोगिन व्यक्तिगत सतर्कता अपनाउनु नै अहिले सबै भन्दा उत्तम विकल्प भएको बताएका छन् ।

तृप्ती मेमोरियल नाक, कान तथा घाँटी अस्पताल तिलाठीद्वारा स्वास्थ्यकर्मीलाई शुक्रबार व्यक्तिगत सुरक्षा उपकरण वितरण कार्यक्रममा बोल्दै अध्यक्ष सिंहले सो कुरा बताएका हुन् । दिनानुदिन बढ्दै गएको कोरोना भाइरसको संक्रमणप्रति आमजनमानस सचेत हुनु आवश्यक रहेको बताए ।

सो कार्यक्रमका अस्पतालका अध्यक्ष डा. अनिलकुमार झाले कोरोना भाइरसको संक्रमण दिनदिनै बढ्दै गएकोले सावधानी अपनाउनुका साथै सामाजिक दुरीलाई ख्याल गर्नु अतिआवश्यक भएको बताए ।

कार्यक्रममा तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ का अध्यक्ष दिनेश्वर मिश्र, अस्पतालका उपाध्यक्ष तथा आर्ट अफलिभिङ्गका निर्देशक ईन्जिनियर किशार कुमार झालगायतकाले मन्तब्य ब्यक्त गरेका थिए ।

सो अवसरमा तिलाठी कोइलाडी गाउँपालिकाको स्वास्थ्य शाखाका स्वास्थ्यकर्मी तथा आठ वटै स्वास्थ्य संस्था प्रमुख, छिन्नमस्ता गाउँपालिकाको वरहीविरपुर र लोखरम स्वास्थ्य संस्था, राजविराज नगरपालिका वडा नं. १३ र १५, भारदह अस्पताल र बरमझिया स्वास्थ्य संस्थालाई ब्यक्तिगत सुरक्षा उपकरण, साबुन र मास्कवितरण गरिएको अस्पतालका मनोज कुमार झाले जानकारी दिए ।

कार्यक्रममा भारदह अस्पतालका डा. अनिलकुमार रजकले ब्यक्तिगत सुरक्षा उपकरण (पिपिई) लगाउने र फुकाल्ने तरिकाबारे जानकारी दिएका थिए ।

# सिटिइभिटीका पूर्वसदस्य सचिव कमालको निधन

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**



सिटिइभिटीका पूर्व सदस्य सचिव तथा मुस्लिम संगठनका केन्द्रीय सदस्य मो. कमालको ६८ बर्षको उमेर बिहीबार राती निधन भएको छ ।

लामो समयदेखी अस्वस्थ रहेका कमालको बिहिवार राती उपचारका क्रममा काठमाडौंमा निधन भएको परिवारजनले बताएका छन् ।

जिल्लाको बोदेबरसाईन नगरपालिका जाँजर स्थायी घर भएका कमाल हाल राजबिराज वडा नं. ३ स्थित घरमा बस्दै आएका थिए ।

उनी बि.स. २०६५ सालमा नेपाल सरकारको सिफारिसमा सिटिइभिटीको सदस्य सचिव पदमा नियुक्त भई काम गरेको छोरा इर्सााद अंसारीले जानकारी दिए । मुस्लिम अगुवा समेत रहेका कमालको तीन छोरा रहेका छन् ।

# लागु औषधसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

प्रहरीले लागु औषधसहित दुई यूवकलाई बिहीबार पक्राउ गरेको छ ।

सप्तरी राजगढ गाउँपालिका २ बनैनियामा भारतबाट नेपालतर्फ मोटरसाइकलमा लागु औषध ल्याउदै गरेको अवस्थामा प्रहरीले जिल्लाको छिन्नमस्ता गाउँपालिका ४ लालापट्टी निवासी २१ वर्षिय कृष्ण यादव र बोदेबरसाईन नगरपालिका ३ बस्ने २२ वर्षिय सुनिल कुमार यादवलाई पक्राउ गरेको हो ।

उनीहरुको साथबाट प्रतिबन्धिती लागु औषध डाइलेक्स डिसी नामक एक सय एमएलको २० बोतल र नाइट्राजिपाम ट्याब्लेट २ सय २५ थान बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## *करेन्ट लागेर ...*

आफ्नै घरको कलमा जडान गरिएको मोटरको तारबाट करेन्ट लागेर घाईते भएकी राजदेवीलाई उपचारका लागि राजविराज ल्याउदै गर्दा बाटो मै मृत्यु भएको प्रहरीले जनाएको छ ।







## हार्दिक समवेदना



जन्म मिति
बि. सं. २०४८/६/२८

स्वार्गारोहण
बि. सं. २०७७/०३/१७

**अनिल कुमार मण्डल**

यस संस्थाका स्पोन्सरसीप कार्यक्रम सहायक अधिकृत सप्तरीको राजगढ गाउँपालिका ४ निवासी २९ वर्षिय **अनिल कुमार मण्डल**को २०७७ असार १७ गते असमायिक निधन भएकोमा एक कर्मठ र इमान्दार कर्मचारी गुमाएकोप्रति हामी मर्माहत एवं स्तब्ध भएका छौं । यस दुःखद घडीमा शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछौं ।

**ध्रुब प्रसाद देव**
अध्यक्ष एवं
सेभ द सप्तरी, परिवार



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS Money Transfer, Best Remit Quick & Easy, PRABHU Money Transfer, प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*